'उज्यालो नेपालको संवाहक'
# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रशारण निर्देशनालय
उच्च भोल्टेज ग्रिड विकास विभाग
त्रिशुली ३ बि हब सबस्टेशन आयोजना

पत्र संख्या :२०८२/०८३ च.नं: ५९

मिति :-२०८२/०८/२१

**ने.वि.प्रा.,आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद १६ को विनियम १७९ को उप विनियम ९ मा "उप-विनियम (८) प्रयोजनार्थ सोझै खरिद सम्बन्धमा सार्वजनिक जानकारीको लागि सूचना**

उपरोक्त बिषयमा यस त्रिशुली ३ बि २२०/१३२/३३ के भी हब सवस्टेशन मार्फत राष्ट्रिय प्रसारण प्रणालीमा करिब ३३६.६ मे. वा. विद्युत प्रवाह भैरहेको अवस्थामा अचानक मिति २०८२।०३।२४ मा नेपाल–चीन नाका क्षेत्रको ल्हेन्दे खोलामा आएको बाढीका कारण त्रिशुली नदीमा पानी, ढुङ्गा, लेदो माटो सहितको बहाव अत्याधिक भई यस सवस्टेशनमा १३२ के.भी. स्वीचयार्ड को करिब १२० मि लम्बाई र ८५ मि चौडाई क्षेत्रमा कटान गरी क्षती पु-याएको थियो। जसको कारण त्रिशुली ३ ए जलविद्युत को २ वटा बे, Switchyard Panel Room ( SPR-7) र 132 kV Main Bus 1 and 2 मा पुर्ण रुपमा क्षति पुगेको थियो। त्रिशुली नदीबाट बचाउन River Protection को लागि निर्माण गरीएको Retaining wall, Plump Wall, Gabion wall तथा Boundary Wall समेत बगाउदा ३३ के.भी. स्विचयार्डको तल्लो भाग र २२० के.भी.को माथिल्लो भागमा पनि कटान भएकोले पुरा सवस्टेशन नै उच्च जोखिममा रहेको थियो। सोही अवस्थामा तत्काल रोकथाम र कटान न्यूनिकरण गर्न १३२ के. भी/३३ के.भी. तर्फ करिव १३० मिटर र २२० के.भी तर्फ करिव ३० मिटर गरी करिव १६० मिटर लम्बाईमा न्युनतम ३ तहका ग्याबिन तारजाली भरेर लगाउने कार्य सोझै खरिद विधिबाट सम्पन्न गरि विद्युत प्रबाह संचालन गरिएको थियो |

पुन: मिति २०८२/०४/१४ गते ल्हेंदे खोलामा आएको बाढी तथा अविरल बर्षका कारण मिति २०८२/०६/१९ गते त्यसैगरी बाढी आउदा सबस्टेशनमा थप कटान गरि क्षेती पुर्याएकोले RCC Shear wall रहेको स्थानबाट सिधै ३३ के.भी.स्वीचयार्ड नजीक सुकौरे खोलाको किनारसम्म कटान भएको क्षेत्र भन्दा अघिल्तिर बहावका कारण हुने कटानलाई न्यूनीकरण गर्न करिब १४ घनमिटर आयतन भएका फलामका बक्सहरुमा ढुंगा तथा कंक्रिट भरेर लहरै राख्ने , ग्याबिन पर्खाल लगाउने, ठुला आकारका ढुंगा तथा ग्राभल मिसिएको माटोले पुर्ने कार्यहरु पनि स्थानीय ठेकेदार र आपुर्तिकर्तहरु मार्फत कोटेशन माग गरि तत्काल सोझै खरिद मार्फत सम्पन्न गरेर राष्ट्रिय विद्युत प्रशारण प्रणालीमा विद्युतको प्रबाहलाइ अबरुद्ध हुन बाट रोकिएको थियो |

यसरी पटक पटक आएको बाढीको कटानको कारण यस त्रिशुली सबस्टेशनबाट राष्ट्रिय विद्युत प्रशारण प्रणालीमा जोडिएको करिव ३३६.६ मे. वा. क्षमताको विद्युत प्रवाह अति महत्वपुर्ण भएकोले सार्वजनिक खरिद प्रकियाबाट कार्य गराउदा समय लाग्ने र तत्काल रोकथामका कार्य नगराउदा ने वि प्रा लाइ ठुलो आर्थिक क्षेती हुने देखिएकोले आकस्मिक रुपमा सोझै खरिद मार्फत कार्य सम्पन्न गरिएको थियो | तिन पटक गरि तपशिल वमोजिम जम्मा ने रु १,३९,६०,४२६.६१ ( अक्षरुपि एक करोड उनन्चालीस लाख साठी हजार चार सय छब्बीस रुपैया एकसट्ठी पैसा) बराबरको खर्च भएको थियो | ने.वि.प्रा.,आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद १६ को विनियम १७९ को उप- विनियम ९ मा "उप-विनियम (८) बमोजिम दशलाख रुपैया भन्दा बढी रकमको खरिद गरेको

'उज्यालो नेपालको संवाहक'
# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रशारण निर्देशनालय
उच्च भोल्टेज ग्रिड विकास विभाग
## त्रिशुली ३ बि हब सबस्टेशन आयोजना

**पत्र संख्या :२०८२/०८३ च.नं: ४६**

भएमा त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोको ज़ानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्नेछ ।" भन्ने प्रावधान रहेकोले सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ |

तपशिल

| ठेकेदार तथा आपुर्तिकर्ताको नाम तथा विवरण | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | जम्मा रकम |
|---|---|---|---|---|
| S.S. Dhuwani Sewa | 458,914.75 | 138,560.60 | - | 597,475.35 |
| Indrayani Gabin Box Pvt. Ltd. | 2,355,696.29 | 1,075,321.56 | - | 3,431,017.85 |
| Rescon Pvt. Ltd. | 226,186.45 | - | - | 226,186.45 |
| S. R. Nirman Sewa | 1,266,360.09 | 711,298.92 | - | 1,977,659.01 |
| Suryamati Fuel Center | 455,224.46 | 29,300.90 | - | 484,525.36 |
| Santoshi Nirman Sewa | 608,166.00 | 4,787,986.86 | 472,046.00 | 5,868,198.86 |
| Fewa Construction Private Limited | 76,253.81 | - | - | 76,253.81 |
| Kapileshwor Cargo Pvt Ltd | - | 536,750.00 | - | 536,750.00 |
| Betrawoti Oil Store Pvt Ltd | - | 273,149.93 | - | 273,149.93 |
| Operator's Charge | 95,287.50 | 48,952.50 | - | 144,240.00 |
| Vehicle Maintenance | 36,350.00 | 98,890.00 | - | 135,240.00 |
| Safty Tools | 36,015.00 | - | - | 36,015.00 |
| Tea & Khaja (Nepalese Army, Nepal Police and Armed Police and Voluntears) | 173,715.00 | - | - | 173,715.00 |
| **Total** | **5,788,169.35** | **7,700,211.27** | **472,046.00** | **13,960,426.61** |

..............................
थर्क बहादुर थापा
निर्देशक

**बोधार्थः**
श्री कार्यकारी निर्देशक ज्यू, ने.वि.प्रा., काठमाडौँ।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा. काठमाडौँ।

साइट कार्यालय : किस्पांग गाउपलिका, वार्ड न ५, पहिरेबेंशी , नुवाकोट
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौँ
E-mail: t3b220kv@nea.org.np
tr3bs220kv@nea.org.np